का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक ६१
❒ ३० चैत्र २०७६, आइतबार
❒ 12 April 2020, Sunday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

अपडेट: शनिबार साँझसम्म		संक्रमित	निको भएको	परिक्षण गरिएको	आइसोलेसनमा
	नेपालमा	९ जना	१ जना	४४२६	८२

	संक्रमित	निको भएको	मृत्यु भएको	उपचारत
विश्वभर	१७ लाख १५ हजार	तीन लाख ८८ हजार	एक लाख ३ हजार	१२ लाख २२ हजार


तिमी नचाहिने कुरामा किन अडान लिन्छौं ?
म सरकार हो र डेंढ घन्टा पनि नटिक्ने कुरा गर्ने...!
पत्रिका उपत्यका छोड्न दिने निर्णय डेढ घन्टा पनि टिकेन।
सानुराज

लकडाउन लम्बिने संकेत

प्रधानमन्त्री केपी शर्मा ओलीले मुख्यमन्त्रीहरूसँग भिडियो कन्फ्रेन्स गर्दै लकडाउन छिट्टै अन्त्य नहुने, सीमामा अझ कडाइ हुने, भावुक कुरा गरेर लापरबाही स्वीकार्य नहुने र संक्रमण फैलिनबाट सबै सचेत हुनु अनिवार्य रहेको बताएका छन् ।

मध्यान्ह संवाददाता
काठमाडौं, २९ चैत

प्रधानमन्त्री केपी शर्मा ओली र सात प्रदेशका मुख्यमन्त्रीबीच आज कोरोना भाइरस रोकथाम र नियन्त्रणबारे भिडियो कन्फरेन्सका माध्यमबाट भई लकडाउनलाई अझ प्रभावकारी बनाउने विषयमा छलफल भएको छ। सिंहदरबारस्थित एक्सन रूमबाट प्रधानमन्त्री ओलीले छलफल सञ्चालन गर्दै यसबीचमा रोकथामका लागि भएका प्रयासहरू सकारात्मक नै रहेको र यसलाई अझ समन्वयात्मक ढङ्गले अघि बढ्न जरूरी रहेको बताएका छन्।

प्रधानमन्त्री ओलीका प्रेस सल्लाहकार सूर्य थापाका अनुसार प्रधानमन्त्री ओलीले लकडाउन छिट्टै अन्त्य नहुने, सीमामा अझ कडाइ हुने, भावुक कुरा गरेर लापरबाही स्वीकार्य नहुने र सङ्क्रमण फैलिनबाट सबै सचेत हुनु अनिवार्य रहेको स्पष्ट गर्नुभएको थियो । प्रधानमन्त्री ओलीले भने, “भारतमा सङ्क्रमण फैलिने क्रम बढिरहेको देख्दादेख्दै यहाँ लकडाउन खुला गर्ने कुरा हुन सक्दैन। यसमा नरम बनेर लापरबाही नगर्न म आग्रह गर्दछु।” उनले सरकारभन्दा बाँकी पृष्ठ २ मा

ओली–प्रचण्ड खटपट

अध्यक्ष प्रचण्डले राखेको प्रस्ताव प्रधानमन्त्री ओलीले सार्वजनिक रूपमै खण्डन गरेपछि नेकपाभित्र सरकार र पार्टी बीच खटपट रहेको प्रष्ट भएको छ । गएको चैत २६ गतेको सचिवालय बैठकमा समेत यसै विषयमा नेताहरूबीच भनाभन नै चलेको थियो ।

मध्यान्ह संवाददाता
काठमाडौं, २९ चैत

प्रधानमन्त्री केपी शर्मा ओलीले सरकार भन्दा भिन्न कुनै संयन्त्र आवश्यक नरहेको बताएका छन् । मुख्यमन्त्रीहरुसँग भिडियो कन्फ्रेन्समा प्रधानमन्त्री ओलीले कोरोना महामारी रोकथाम, नियन्त्रण तथा उपचारका लागि छुट्टै राजनीतिक संयन्त्रको आवश्यकता नरहेको बताएका हुन् । एक दिन अगाडि मात्रै सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अर्का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले महामारी नियन्त्रणका लागि छुट्टै राजनीतिक संयन्त्रको आवश्यकता रहेको बताएका थिए ।

प्रचण्डले सार्वजनिक मञ्चबाट राखेको प्रस्तावको जवाफ प्रधानमन्त्री ओलीले मुख्यमन्त्रीहरु समक्ष राखेका छन् । एक दिन अगाडि मात्रै अन्य राजनीतिक दलका नेताहरु सामेल रहनेगरी संयन्त्र बनाउन सकिने बताएका थिए । यसको खण्डन हुनेगरी प्रधानमन्त्रीले दिएको अभिव्यक्ति सार्वजनिक गरिनुले अध्यक्ष द्वय ओली र दाहाल बीच खटपट भएको बुझ्न सकिन्छ ।

चैत २६ गते बसेको नेकपा सचिवालय बैठकमा पनि सरकार र पार्टी बीच खटपट देखिएको थियो । गएको मंसीर ५ गतेदेखि प्रचण्डले पार्टीको कार्यकारी अध्यक्षको भूमिकामा छन्। तर, कोरोना महामारी रोकथामबारे निर्णय लिने क्रममा प्रधानमन्त्री ओलीले समन्वय नगरेको भन्दै सचिवालय बैठकमा शीर्ष नेताहरुले असन्तुष्टि जनाएका थिए । हुन त सचिवालय बैठक पनि नौ मध्ये बहुसंख्यकले लिखित पत्र नै तयार पारेपछि बसेको थियो । स्रोतका अनुसार, उक्त बैठकमा प्रधानमन्त्री ओली र उपप्रधानमन्त्री एवम् कोरोना रोकथाम, नियन्त्रण बाँकी पृष्ठ २ मा

उच्च मूल्यवृद्धि, सुस्त अनुगमन

काठमाडौं/रासस– बन्दाबन्दी (लकडाउन) सँगै कालाबजारी, कृत्रिम अभाव र मूल्यवृद्धिले संस्थागत रुप लिएपछि घरभित्र बसेका मानिस खान नपाइने चिन्तामा परेका छन् । राजधानी उपत्यकाको बूढानीलकण्ठ, गोकर्णेश्वर, कागेश्वरी मनोहरा, शङ्खरापुरलगायत उपत्यकाका नगरपालिकाका काठ क्षेत्रका विभिन्न स्थानमा बन्दाबन्दीका नाममा प्रहरीले अत्यावश्यक सेवाका पसल बन्द गर्न दबाब दिने गरेको व्यवसायीको भनाइ छ। प्रहरीले पसल बन्द गर्न भनेको भन्दै साहुले सटर बन्द गरी भित्रबाट उपभोक्ता छिराएर मनपरी मूल्य असुल्न थालेका हुन् ।

बूढानीलकण्ठको चुनिखेल, पैयुँटार, सिमलटार, गोकर्णेश्वरको जोरपाटी, नारायणटार, दक्षिणढोका, माकालबारी, बालुवा, सुन्ताखान, पाखाथोक, नयाँपाटी, सुन्दरीजललगायत स्थानमा यस्तो भइरहेको उपभोक्तावादी श्याम भण्डारीले गुनासो गरे । यी ठाउँका पनि मुख्य बजारभन्दा भित्री ठाउँमा बढी मूल्य लिने गरिएको छ।

चिनी, चिउरा, तेल, नून, दाल, चामल, तरकारीलगायत अत्यावश्यक वस्तुमा यस्तो हुन थालेको हो। यी सामानमा किलोमा रु १० देखि ३० सम्म बाँकी पृष्ठ २ मा

यसरी प्रभावित हुँदैछन् अमेरिकामा आप्रवासी

काम, कमाइ र बन्नै लागेको कार्ड गुम्दै

वैदेशिक रोजगार विशेष

सीएनएन। आफुले काम गर्दै आएको कम्पनी कोरोना भाइरसका कारण गत महिना बन्द भएपछि ताङ चेन राम्रोसँग निदाउन सकेकी छैनन् । केही दिनयता उनको मुटुको धड्कन थप बढेको छ। उनको दिमागमा एउटै मात्र प्रश्न निरन्तर घुमिरहेको छ। के म अमेरिकामा बस्न सक्छु ?

ताङ चेन रोजगारीका लागि पूर्वी चिनियाँ प्रान्त झेजियाङबाट सन् २०१४ मा अमेरिका गएकी हुन्। अमेरिकाले प्रदान गरेको एच १- बि वर्किङ भिसाका आधारमा अमेरिका प्रवेश गरेकी उनले भिसा सकिनु अघि उनले वासिङटनको फोर्ट र पेन्सिलभेनियामा सफ्टवेयर निर्माण कम्पनीमा काम पाएकी थिइन् ।

वर्किङ भिसामा पाँच वर्ष काम गरेको आधारमा उनले अमेरिकामै स्थायी बसोबास सहित काम गर्ने उद्देश्यले ग्रीन कार्डका लागि आवेदन गरेकी छन् । अमेरिकामै भावी जिवन बिताउने योजना बनाएकी ३३ वर्षीया ताङले केही महिनाअघि अपार्टमेन्ट समेत खरिद गरेर आफ्नो लगानी फसाएकी छन् ।

तर गत मार्च १३ तारिक उनको जीवनमा धोकाको विहानीका रुपमा उदायो । सो दिन उनले आफ्नो आम्दानीको श्रोत र आवासीय भिसाको स्टाटस दुवै एकै साथ गुमाइन् । त्यसदिन उनका रोजगारदाताले उनको ग्रीन कार्डको आवेदन अगाडि नबढाउने निर्णय गरे । ग्रीनकार्डको प्रकृया अगाडि नबढाई दिंदा उनको अमेरिकामै स्थायी बसोबास गर्ने बाटो बन्द भयो ।

अमेरिकी कानून अनुसार एच १- बि भिसा वाहक ताङ जस्ता आप्रवासी कामदारले आफ्नो पूर्व रोजगारी गुमाएपछि ६० दिनभित्र पर्यटक वा विद्यार्थी भिसाका लागि आवेदन गरीसक्नु पर्छ, यात वर्किङ भिसाको स्पोन्सर गर्ने अर्को रोजगारदाता भेट्नु पर्छ । ६० दिनभित्र पर्यटक वा विद्यार्थी भिसाका लागि आवेदन वा वर्किङ भिसाको स्पोन्सर गर्ने अर्को रोजगारदाता नभेटेमा उनीहरुले या त अमेरिका छोड्नु पर्छ या ओभरस्टे भई अवैधानिक रुपमा बस्नु पर्छ।

अमेरिकामा १ सय ८० दिनभन्दा बढी समय ओभरस्टे हुनु अध्यागमन कानून अनुसार गम्भीर प्रकृतिको अपराध मान्छि। त्यस्तो अवस्थामा उनीहरु भविश्यमा अमेरिका प्रवेश गर्न नपाउने गरी देश निकालामा पर्दछन्।

कोराना भाइरसको संक्रमणले तवाह बनेको अमेरिकामा वर्किङ भिसाका लागि काँध थाप्ने नयाँ रोजगारदाता पाउनु हाल असम्भव प्रायः छ । कोरोना भाइरसको कारण आर्थिक मन्दीको मारमा रहेको अमेरिकामा नयाँ रोजगारी पाउनुपनि मुस्किल छ।

ताङ यतिबेला आफ्नो मुलुक चीन फर्किन सक्ने अवस्थामा समेत छैनन् । अप्रिल महिनाभर अमेरिका र चीनबीच सिधा उडानको जहाजमा कुनै सीट खाली छैन । टिकट पाएमा पनि महँगिएको टिकटको भाडा उनको क्षमता भन्दा बाहिर पुगेको छ । अर्कोतिर उनी कोरोना भाइरसको संक्रमण हुने डरले समेत त्रसित देखिन्छिन्।

अमेरिकामै कानूनी रुपमा बस्न उनले विद्यार्थी भिसाका लागि विश्वविद्यालयमा आवेदन दिएकी छन्। तर कोरोना भाइरसका कारण विश्वविद्यालय बन्द बाँकी पृष्ठ २ मा

COVID-19 NOVEL CORONA VIRUS (nCOV)

जनहितका लागि जारी जनचेतनामूलक सन्देश

नोबेल कोरोना भाइरस (Conid-19) का मूख्य लक्षणहरु

- ज्वरो (१००.४° F भन्दा माथि)
- श्वासप्रश्वासमा अत्याधिक समस्या
- रुघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।

कसरी आफू बच्ने र अरुलाई बचाउने ?

- नियमित रूपमा साबुन पानीले हात धुने।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने।
- फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने।
- फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने।
- जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
- पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने।

मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

टेकु अस्पताल भन्छ

‘केही दिनमै डिस्चार्ज हुँदैछन् कोभिड संक्रमित’

सिबी अधिकारी/रासस
काठमाडौं, २९ चैत

टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालको आइसोलेसन कक्षमा उपचारमा कोभिड-१९ का दुई संक्रमित व्यक्ति केही दिनभित्रै अस्पतालबाट डिस्चार्ज हुँदैछन् । कोभिड-१९ संक्रमितको स्वास्थ्य अवस्था सामान्य रहेको र उनीहरुको स्वास्थ्य परीक्षणको प्रक्रिया पूरा भएपछि छिट्टै डिस्चार्ज हुने अस्पतालका निर्देशक डा सागर राजभण्डारीले जानकारी दिए ।

उनले भने, ‘अस्पतालमा उपचारको क्रममा रहेका कोभिड संक्रमित दुवै जनाको स्वास्थ्य अवस्था सामान्य छ। दुई दिनभित्र अन्तिम रिपोर्ट आउनेछ, त्यो रिपोर्ट नेगेटिभ देखिएमा डिस्चार्ज गरिनेछ ।’ टेकु अस्पतालमा अहिले कोभिड शंकास्पद नौ जनाको उपचार भइरहेको छ । यीमध्ये दुई जनामा कोभिड पोजेटिभ देखिएको छ भने बाँकी सात जनाको नेगेटिभ छ । तर पनि विभिन्न कारणले गर्दा सात जनालाई अस्पतालमै राख्नुपर्ने अवस्था भएको अस्पतालले जनाएको छ ।

निर्देशक डा राजभण्डारीले विगतका तुलनामा पछिल्ला दिनमा अस्पतालको सेवामा सहजता आएको छ। जनशक्ति तथा उपकरणको कमी छैन । कोभिड डेडिकेटेड अस्पताल घोषणा गरिएको र लकडाउनका कारण पनि उल्लेख्य सङ्ख्यामा बिरामी नआएको उनको भनाइ छ । ‘अस्पतालमा अहिले पहिलाभन्दा बिरामीको चाप कम छ । क्षयरोगलगायत अन्य सरुवा रोगका बिरामीलाई अन्यत्रै सिफारिस गरिएको हुनाले कोभिडको उपचारमा सहजता आएको छ,’ निर्देशक डा. राजभण्डारीले भने ।

यसैबीच अस्पतालले उपलब्ध गराउँदै आएको रेबिजको भ्याक्सिन भने नियमित भइरहेको छ। अहिले दैनिक ७० जनासम्म रेबिजको सुई लगाउन अस्पताल आउने गरेको अस्पतालका निर्देशक राजभण्डारीले जानकारी दिए । टेकु अस्पतालमा हाल पाँच आइसोलेसन र ३० क्वारेन्टाइन कक्ष छन् । अहिले २५ आइसोलेसन र २० सघन उपचारकक्ष तयार गर्ने कार्य उच्चगतिमा भइरहेको पनि निर्देशक राजभण्डारीले बताए । ‘अक्सिजन प्लाण्ट’ सहितको सघन उपचारकक्ष तयार गरिँदैछ। अस्पतालले आफ्नै अक्सिजन प्लान्ट स्थापना गरी बिरामीको कपडा धुलाइका लागि अस्पतालमै वासिङ मेसिन, विद्युत्का लागि ‘पावर ब्याकप’ तयार गरेको अस्पतालले जनाएको छ ।

विश्व माहामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमण नेपालमा पनि देखा परेपछि यो निकै चिन्ताको विषय बनेको थियो । तर, कोरोनाको संक्रमण देखिएपछि नेपालमा पहिलोपटक टेकु अस्पतालमा भर्ना भएका बिरामी उपचारपछि निको भएर घर फर्किन लागेका छन् । यसअघि नेपालमा पहिलोपटक कोभिडको संक्रमण फेला परेका एक नेपाली उपचारपछि घर फर्किसकेका छन् । कोभिड पहिलोपटक देखापरेको चीनको वुहान शहरबाट अएका उनी उपचारपछि घर फर्किएका थिए । नेपालमा दोस्रोपटक गत चैत १० गते १९ वर्षीया युवतीमा कोभिडको संक्रमण देखापरेको थियो ।

नेपालमा हालसम्म नौ जनामा कोभिडको संक्रमण देखिए पनि एक जना उपचारपछि घर फर्किसकेका छन्। नेपालमा दोस्रोपटक गत चैत १० गते कोभिडको नयाँ संक्रमित फेला परेको थियो । चैत ४ गते कतार एयरवेजको जहाजमार्फत फ्रान्सबाट कतार हुँदै नेपाल आएकी १९ वर्षीया युवतीमा कोभिड-१९ पोजेटिभ देखिएको थियो । त्यस्तै चैत १२ गते पुनः एक जनामा कोभिड पोजेटिभ देखिएको थियो । कोभिड पोजेटिभ देखिएका ती पुरुष व्यक्तिको विस्तृत विवरण खुलाइएको छैन । यस्तै चैत २० गते बागलुङका ६५ वर्षीया एक ज्येष्ठ नागरिकमा कोभिड पुष्टि भएको थियो । पछिल्लोपटक चैत २२ गते एकै सुदूरपश्चिममा एकै दिन थप तीन जनामा कोभिड संक्रमण भेटिएको थियो । भारतको मुम्बईबाट फर्किएका कैलालीका २१ वर्षीय र उत्तराखण्डबाट फर्किएका कञ्चनपुरका ४१ वर्षीय पुरूष तथा कैलालीको ३४ वर्षीया महिलामा कोभिड-१९ को संक्रमण देखिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको इपिडीमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जनाएको छ ।

मन्त्रालयले थप नयाँ व्यक्तिमा कोभिडको संक्रमण नदेखिएको र संक्रमितको अवस्था पनि सामान्य रहेको शनिबारको नियमित पत्रकार सम्मेलनमा जानकारी दिएको थियो । मन्त्रालयका प्रवक्ता डा विकास देवकोटाले प्रत्येक प्रदेशमा क्वारेन्टाइनमा रहेका व्यक्तिको परीक्षणका लागि प्रतिप्रदेश पाँच हजारका दरले र्‍यापिड डाइग्नोस्टिक टेष्ट (आरडिटी) सामग्री प्रदान गरिएको बताए । बागलुङ, म्याग्दी र पर्वतका स्वास्थ्यकर्मीलाई र्‍यापिड डाइग्नोस्टिक टेष्टसम्बन्धी तालिम दिइएको र परीक्षणसमेत शुरु गरिएको उनले बताएका थिए ।

संकटको समयमा जनशक्ति अभाव नहोस् भन्दै मन्त्रालयले सेवा बाहिरका र सेवा निवृत्त चिकित्सकलाई स्वेच्छिकरुपमा सेवामा आबद्ध हुन आग्रह गरिसकेको छ । मन्त्रालयले छात्रवृत्तिमा अध्ययनरत विद्यार्थीलाई परिचालन गर्ने जनाएको छ ।

सुदूरपश्चिममा १४८३ को स्वाब संकलन

डोटी/रासस- सुदूरपश्चिम प्रदेशका ६ जिल्लाका क्वारेन्टाइनमा रहेका एक हजार ४८३ जनाको स्वाब संकलन गरिएको छ । संकलित ती स्वाब परीक्षणका लागि केन्द्रीय जनस्वास्थ्य प्रयोगशाला टेकु काठमाडौं पठाइएको सुदूरपश्चिम क्षेत्रीय स्वास्थ्य सेवा निर्देशनालय दिपायल राजपुरले जनाएको छ। निर्देशनालयका अनुसार डोटीमा ३३०, कैलालीमा ३७१, कञ्चनपुरमा १५८, डडेल्धुरामा १९९, बैतडीमा ४२५, अछाममा २२६ जना गरी कुल ४८३ जनाको स्वाब संकलन गरिएको छ । यहाँका अन्य तीन जिल्ला बझाङ, दार्चुला र बाजुरामा भने स्वाब संकलन गर्न बाँकी रहेको बताइएको छ ।

त्यसैगरी डोटीका क्वारेन्टाइनमा रहेका २१३ जनामा गरिएको कोभिड-१९ र्‍यापिड डाइग्नोस्टिक टेष्ट (आरडिटी) जाँचमा सबैको नेगेटिभ आएको छ। क्वारेन्टाइनमा रहेका स्वाब संकलनमा नसमेटिएका १९१ पुरुष र २२ महिला गरी २१३ मा रगतबाट गरिने आरडिटी जाँचमा सबैमा ‘नन रिएक्टिभ’ नतिजा आएको स्वास्थ्य कार्यालय डोटीका प्रमुख रमेश मलासीले जानकारी दिनुभयो । जिल्लाको आदर्श गाउँपालिका, बडीकेदार गाउँपालिका, सायल गाउँपालिका र बोगटान फुड्सिल गाउँपालिकामा गरी चार वटा गाउँपालिकामा आरडिटी गरिएको हो । तीमध्ये आदर्श गाउँपालिकामा २३ पुरुष र दुई महिला गरी २५ जना, बडिकेदार गाउँपालिकामा ६२ पुरुष र एक महिला गरी ६३ जना, सायल गाउँपालिकामा २० पुरुष र पाँच महिला गरी २५ जना र बोगटान फुड्सिल गाउँपालिकामा ८६ पुरुष र १४ गरी १०० जनाको रगत जाँच गरिएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

त्यस्तै शनिबारदेखि होम क्वारेन्टाइनमा बसेकाहरुको समेत आरडिटी परीक्षण शुरु गरिएको स्वास्थ्य कार्यालयका प्रमुख मलासीले जानकारी दिए । सुदूरपश्चिमकै तराईका दुई जिल्ला कैलाली र कञ्चनपुरमा गरिएको कोरोना जाँचको र्‍यापिड टेष्टमा २३८ जनाको रिपोर्ट नेगेटिभ आएको छ । प्रादेशिक प्रयोगशाला धनगढीसहित टोलीले र्‍यापिड टेष्ट किटमार्फत उक्त टेष्ट गरेको थियो।

कैलालीमा १७९ जना र कञ्चनपुरमा ५९ जनाको क्वारेन्टाइन स्थलमै र्‍यापिड टेष्ट गरिएको सामाजिक विकास मन्त्रालयका स्वास्थ्य महाशाखा प्रमुख नरेन्द्रसिंह कार्कीले जानकारी दिए। र्‍यापिड टेष्ट किटमा पोजेटिभ देखिएकालाई मात्रै रियल टाइम पिसिआर मेसिनमा कन्फर्म गरेर मात्रै नतिजा सार्वजनिक गरिने सुदूरपश्चिम क्षेत्रीय स्वास्थ्य निर्देशनालयले जनाएको छ ।

क्षेत्रीय स्वास्थ्य निर्देशनालय दिपायल राजपुर, प्रादेशिक प्रयोगशाला, सेती प्रादेशिक अस्पताल र नेपाली सेनाको टोलीले तीव्र रुपमा कोरोना जाँच गरिरहेकाले सबैको जिल्लाअनुसारको तथ्यांक आइनसकेको बताइएको छ। ‘स्वाब संकलन गरिएकाहरुको एकीकृत तथ्यांक आउन केही समय लाग्छ,’ उनले भने, ‘स्वास्थ्यका सबै निकाय फिल्डमा खटिएका छन्, तथ्यांक आउन समय लाग्छ ।’

सुर्खेतको क्वारेन्टाइनबाट १८३ जना घर फर्किए

भिम प्रसाद शर्मा/मध्यान्ह
सुर्खेत, २९ चैत

सुर्खेतस्थित क्वारेन्टाइनबाट १ सय ८३ जना घर फर्किएका छन् । प्रदेश ६ सरकारले सुर्खेतको खुला मञ्चमा ४ सय बेड क्षमताको क्वारेन्टाइन स्थल चैत १५ निर्माण गरेको थियो । उक्त क्वारेन्टाइनमा भारत र अन्य मुलुकबाट नेपाल भित्रिएका १ सय ८८ जनालाई राखिएको थियो ।

१४ दिन क्वारेन्टाइनमा बिताएका १८८ जना मध्ये १७ जना शुक्रबार घर गएका थिए भने १६६ जना शनिबार घर फर्किएका छन्। उनीहरुलाई घर जानलाई प्रदेश ६ सरकारले ५ वटा गाडीको व्यवस्था गरेको थियो । ५ जनाको काठमाडौंबाट स्वाबको रिपोर्ट आउन ढिला भएकाले क्वारेन्टाइनमै बस्नुपर्ने भएको छ ।

ती पाँच जनामा आसाराम जैसी, दिपेश रिजाल, पहल घर्ती र सरोज रिजाल दैलेख जिल्लाका हुन्। उनीहरु भारतको नैनितालबाट आएका थिए भने एक जना दैलेख जिल्लाकै कैलाश सुनार भारतको कुलुबाट आएका थिए। घर गएका मध्ये एक दैलेखकै यादब कंडेलले क्वारेन्टाइनस्थलमा चेकजाँच, खानपिन र बस्ने सुत्ने व्यवस्था राम्रै भएको मध्यान्हलाई बताए ।

१० एसएसपीको डीआईजीमा बढुवा सिफारिस

काठमाडौं/मस- नेपाल प्रहरीका दस प्रहरी वरिष्ठ उपरीक्षक ‘एसएसपी’हरु प्रहरी नायब महानिरीक्षक ‘डीआईजी’मा बढुवाको लागि सिफारिस भएका छन् । गृहमन्त्रालयमा गृहसचिव महेश्वर न्यौपानेको अध्यक्षतामा बसेको बढुवा समितिको बैठकले रित्त दस डीआईजी पदमा उनीहरूलाई बढुवाको लागि सिफारिस गरेको हो ।

समितिले एसएसपीहरु घनश्याम अर्याल, प्रकाशजंग कार्की, बसन्तकुमार पन्त, ईश्वरबाबु कार्की, सहकुल बहादुर थापा, धिरजप्रताप सिंहलाई बढुवामा सिफारिस गरेको हो । त्यस्तै बसन्तकुमार लामा, रवीन्द्रसिंह धानुक, उत्तमराज सुवेदी र अरुणकुमार बिसीपनि बढुवा सिफारिसमा परेका छन् ।

गृह सचिव न्यौपाने अध्यक्ष रहेको बढुवा समितिमा आईजीपी ठाकुरप्रसाद ज्ञवाली सदस्य र एआईजी शैलेश थापा क्षेत्री सदस्य सचिव छन् । बढुवाका लागि ३४ एसएसपी प्रतिष्पर्धामा रहेका थिए। अघिल्लो मन्त्रीपरिषद बैठकले २६ डीआईजी दरबन्दीलाई १४ मा झारेको थियो ।

सिरहामा राहत वितरण विवादमा

परस्पर विरोधमा पत्रकार सम्मेलन

शुभ नारायण कामती/मध्यान्ह
सिरहा, २९ चैत

सिरहाको मिर्चैया नगरपालिकामा राहत वितरणमा एकद्वार प्रणाली कार्यान्वयमा जिल्ला प्रशासन कार्यालय सिरहा र जिल्ला प्रहरी कार्यालय नै निष्कृय रहेको आरोप लागेको छ । मिर्चैया नगरपालिकाका मेयर श्रवण यादवले एक पत्रकार सम्मेलन गर्दै यस्तो आरोप लगाएका हुन् ।

कोरोना भाइरस (कोबिड १९) संक्रमणको सम्भावित जोखिमलाई मध्यनजर गरी सरकारले गरेको लकडाउनका कारण दैनिक छाक टार्न समेत समस्यामा परेका अति विपन्न नागरिकहरुलाई राहत वितरण गर्ने नाममा लकडाउनलाई उल्लंघन गर्दै राजनीतिक आडमा नगरपालिका भित्रका केही युवाहरु चन्दा उठाई मदिरा खाने गरेको समेत पत्रकार सम्मेलनमा नगर प्रमुख यादवले बताए ।

सिरहाको मिर्चैया नगरपालिका वडा नं २ मल्हनियाखोरीमा राहत वितरणको विषयलाई लिएर दुईतर्फी झडप भएको थियो । झडप पश्चात पत्रकार सम्मेलन गर्दै मेयर यादवले यहाँका केहि युवाहरुले राहतको नाममा चन्दा उठाउँदै मदिरा खाएको आरोप लगाएका हुन् ।

लकडाउन भएसँगै सरकारले राहत वितरणको लागि बनाएको एकद्वार प्रणाली कार्यान्वयनको लागि पटक पटक सिरहाका प्रमुख जिल्ला अधिकारी सरोज गुरागाईं र जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख एसपी उमाप्रसाद चतुर्वेदीलाई आग्रह गर्दा कसैले केही नगरेको कारण झडप हुन गएको मेयर श्रवण यादवको दावी थियो ।

सुरक्षा निकायको हरेक क्षेत्रमा राहत वितरणको सम्बन्धमा जानकारी गराइरहँदा वितरणको समयमा असहज परिस्थिति सृजना हुनु दुःखद रहेको भन्दै मेयर यादवले राज्यले ल्याएको नियमको पालना नगर्नु सरोकारवाला निकाय माथि नै प्रश्न उठेको बताए ।

यता सिरहा क्षेत्र नं. ४ ‘ख’ बाट निर्वाचित प्रदेशसभा सदस्य दिलिप साहले भने मिर्चैया नगरपालिकाका मेयर श्रवण यादवको काम गराई प्रति असन्तुष्टि जनाएका छन्। साहका अनुसार मेयर यादवले दादागिरी देखाउने गरेका कारण राहत वितरणमा समस्या खडा हुने गरेको छ । झडपबारे उनले भने, ‘मिर्चैया नगरपालिकाले वितरण गरेको राहतबाट छुटेकाहरुलाई त्यहाँका यूवाहरु राहत बाँडेर फर्किने क्रममा मेयरका मान्छेहरु आएर अचानक विवाद गरेका हुन् ।’

सोही विवादले झडपको रुप लिएको थियो जसमा केही घाइते समेत भएका थिए । मेयर यादव नेकपा समर्थित एवं पूर्व माओवादी हुन्। उनले नगरपालिकाको तर्फबाट पत्रकार सम्मेलन गरेपछि स्थानीय प्रतिपक्षी नेपाली काँग्रेस, राजपा र केही पूर्व एमाले समर्थितहरुले मेयरविरुद्ध पत्रकार सम्मेलन गरेका थिए ।

लकडाउन...

भिन्न कुनै संयन्त्र आवश्यक नरहेको स्पष्ट पार्दै सरकार स्वयंले अधिकारका साथ काम गरेको हुनाले १५ दिन घरमा बस्दै बीचबीचमा एकपटक निर्देशन दिएजस्तो गरी सरकारले काम गरोस् भन्ने जस्तो नगर्न आग्रह गर्नुभयो । उनले स्वयंसेवकहरू स्वयंसेवी भावनाले कार्य गर्ने र त्यसवापत कुनै लाभ नखोज्ने हुनुपर्ने बताए ।

लकडाउनमा प्रशासनिक लापरबाही हुन नहुनेमा जोड दिँदै उहाँले मेला लाग्ने तथा मान्छे जम्मा हुने आदि क्रियाकलाप गर्न रोक्न प्रशासन र प्रहरी सजग हुनैपर्ने निर्देशन दिए । उनले जनतालाई दुःख दिन होइन, जनताको जीवन रक्षा गर्न नै लकडाउन अनिवार्य रहेको बुझ्न र बुझाउन सबैलाई सचेतनताको लागि आह्वान गरे । प्रधानमन्त्री ओलीले सामाजिक दूरी कायम गर्नुको अर्को विकल्प नै नरहेको स्पष्ट गर्दै सरकार प्रभावकारी र सफल रूपमा यस काममा केन्द्रित रहेको हुँदा अनावश्यक भ्रम र दुष्प्रचार गर्ने तत्वहरूबाट प्रभावित नहुन पनि आम नेपाली दिदीबहिनी तथा दाजुभाईलाई अनुरोध गरे । उनले कोरोना सङ्क्रमणको नियन्त्रण र यसको अन्त्य गरिसक्दासम्म मुलुकको स्वास्थ्य उपचारको क्षेत्रले गुणात्मक फड्को मार्ने, प्रयोगशाला, उपकरण र स्वास्थ्य सामग्री तथा दक्ष जनशक्तिको व्यवस्थापनमा विशेष प्रगति हासिल भइसक्ने पनि बताउनुभयो। करिब ४ घण्टा भन्दा चलेको छलफलमा सातै प्रदेशका मुख्यमन्त्रीले आआफ्नो प्रदेशमा कोरोना भाइरस नियन्त्रण, रोकथाम र उपचारको क्रममा गरिएका पहल र स्थितिबारे जानकारी गराएका थिए ।

ओली-प्रचण्ड...

तथा उपचार उच्च स्तरीय समितिका संयोजक ईश्वर पाखरेलको चर्को आलोचना भएको थियो ।

कतिसम्म भने उपाध्यक्ष वामदेव गौतमले त, प्रधानमन्त्री ओलीका सचिवालयको नामै किटेर कार्बाहीको माग गरेका थिए। महामारी रोकथाम प्रयासका क्रममा सरकारको कामकार्बाही विवादित बन्नुमा प्रधानमन्त्री ओलीका सचिवालयका सदस्यहरुको कमजोरी रहेको सचिवालय नेताहरुले बताएका थिए । अहिले तिनै खटपट राजनीतिक संयन्त्र बनाउने प्रचण्डको प्रस्ताव खण्डन गरेर प्रधानमन्त्री ओलीले थप बढाएका छन् ।

उच्च...

मूल्यवृद्धि भएको उहाँले गुनासो गर्नुभयो। बजार अनुगमन गरी यो समस्याको समाधान नगरे मूल्य आकाशिने उपभोक्ताको गुनासो छ। महानगरीय प्रहरी वृत्त बौद्धका प्रमुख प्रहरी नायब उपरीक्षक नवीन कार्की प्रहरीले अत्यावश्यक सेवाका पसल बन्द नगराएको बताउनुहुन्छ। धेरै ठाउँमा वडा कार्यालय, टोलवासीले पसल खुल्ने समय तोकी अरु समय बन्द गर्न लगाएको सूचना आफूले पाएको उनले सुनाए । बढी मूल्य लिएको, कृत्रिम अभाव सिर्जना गर्ने व्यापरीलाई समातेर कानूनी कारबाहीको प्रक्रियामा अघि बढाइने प्रहरीको प्रतिबद्धता छ । कागेश्वरी नगरपालिकाका गागलफेदी, आलापोट, भद्रवास, डाँछी, थली, मूलपानी, गोठाटार, शङ्खरापुर नगरपालिकाको पालुबारी, बज्रयोगिनी, नाङ्लेभारे, पटापलगायत राजधानीकै दुर्गम स्थानमा पनि यस्तो समस्या आउन थालेको स्थानीयवासीको गुनासो छ ।

बन्दाबन्दीको १८ औं दिनसम्म यी क्षेत्रहरुम केन्द्रीय वा स्थानीय कुनै पनि सरकारले बजार अनुगमन तीव्र नबनाउँदा बजारमा मनपरी मूल्य लिने, सामान लुकाउने जस्ता गलत क्रियाकलाप हुन थालेको नाङ्लेभारका गोविन्द दङ्गालले सुनाउनुभयो। स्थानीयस्तरमा नगर उपप्रमुखकै संयोजकत्वमा अनुगन समितिको व्यवस्था भए पनि त्यसले प्रभावकारी रुपमा काम गर्न नसकेको गागलफेदीका वासिन्दा जानुका ढकालले गुनासो गरे ।

जनता सङ्कटमा परेका बेला सचेततापूर्वक सक्रिय हुनुपर्ने अनुगमन समितिका बारेमा नसुनेको नगरपालिकाका पीडित उपभोक्ताको गुनासो छ । सरकारले खाद्य कम्पनीबाट अनलाइन सम्पर्कका आधारमा बिक्री गर्ने भनेको सामान पनि चक्रपथभित्र हुने भएकाले त्यसबाहिरका पीडित समस्यामा पर्ने गरेका छन् ।

गोकर्णेश्वर नगरपालिकाका उपप्रमुख एवं अनुगमन समिति संयोजक शान्ति नेपाल बजारमा अनियमितका सूचना आउन थालेकाले बन्दाबन्दीकै बीच बजार अनुगमनको तयारी गर्न लागिएको बताउनुहुन्छ । बन्दाबन्दीका कारण सामान ल्याउने सवारी नपाउने, सामान राख्ने र निकाल्नेका कामदारको अभाव भएको भन्दै व्यवसायीले बढी मूल्य लिने थालेका हुन्। अनुगमन समिति सक्रिय हुने हो भने यस्ता घटनामा कमी आउने स्थानीयवासीको भनाइ छ ।

शङ्खरापुर नगरपालिकाका उपप्रमुख शुक्रलक्ष्मी श्रेष्ठ बढी जनघनत्व रहेको साँखु क्षेत्रमा बजार अनुगमन, अत्यावश्यक सामग्री बिक्री हुने पसल खुला गराउन लगाउने गरिए पनि नगर क्षेत्रको दुर्गम भेगमा पुग्न नसकिएको स्वीकार्छन् । “केही व्यापारीले बढी मूल्य तिरेर ल्याएकाले मूल्यवृद्धि गरेको भन्न थालेको सूचना पाएका छौँ, दुर्गम भेगमा शनिबारदेखि नै अनुगमन शुरु गर्छौ”, उनले भने। शङ्खरापुर भौगोलिकरुपमा पनि सिन्धुपाल्चोकसम्म जोडिएको दुर्गम भेग भएकाले अनुगमनमा असहज रहेको नगरपालिकाले जनाएको छ।

नगरपालिकाले गरेको अनुगमनमा डिपार्टमेन्टल स्टोरमा भाउ नबढेको भेटिने गरेको छ भने साना पसलमा बढेको बताउने गरेका छन् । अनुगमनका क्रममा दुई थरी कुरा आएपछि यस विषयमा थप अध्ययन गर्न सबै वडामा अनुगमनलाई तीव्रता दिइएको कागेश्वरी मनोहरा नगरपालिकाका उपप्रमुख बिन्दु सिम्खडा पुडासैनीले बताउनुभयो। “केही थोक बिक्रेताले कार्टुन एवं बोरामा रु पाँचदेखि रु १० सम्म बढेको भन्दै बढी लिन थालेको पाइएको छ, बढी लिने थोक बिक्रेताको विवरण नगरपालिकामा पेश गर्न निर्देशन दिएका छौँ, सामान ढुवानी गर्न अप्ठ्यारो भए सवारीलाई नगरपालिकाबाट पास दिन्छौँ, उनले भने । नौ वडा रहेको कागेश्वरी मनोहरा नगरपालिकाले १, २, ३, ८ र ९ मा बन्दाबन्दीपछिको अवस्थाका बारेमा अनुगमन गरिसकेको जनाएको छ। बाँकी चार वडामा पनि शनिबार पहिलो चरणको अनुगमन सक्ने जनाएको छ ।

यसरी...

हुँदा त्यसको पनि टुंगो लागेको छैन ।

अमेरिकामा कोरोना भाइरसको कारण रोजगार गुमाउने ताङ जस्ता चिनियाँ नागरिक कति छन् भन्ने यकिन छैन । तर समस्यामा परेको भन्दै अन्तर्राष्ट्रिय सञ्चारमाध्यम सीएननको सामाजिक सञ्जाल वीच्याटमा सम्पर्क गर्नेहरुको संख्या हजारौं छ । उनीहरुले चिन्ता र अनिश्चितता व्यक्त गर्दै भिसा अवधि सकिन लागेको कारण रोजगारी गुमाउने भन्दै उपयुक्त सहयोग सल्लाह मागिरहेका छन् । तर त्यसको सुनुवाई हुन सकेको छैन ।

यिन काओ न्यूयोर्कमा चिनीयाँ विद्यार्थी र कामदारका लागि अध्यागमन सेवा प्रदान गर्दै आएका कानून व्यवसायी हुन्। उनी भन्छिन्, ‘अमेरिकामा रोजगार गुमाउने कामदारको यतिठूलो संख्या मैले कहिले पनि देखेकी थिइनँ । २ करोड ६० लाखले रोजगारी गुमाएको सन् २००८ को विश्वव्यापायी आर्थिक मन्दीको अवस्था भन्दा खराब अवस्था आउने त्रास बढेको छ ।’

तुसी यी पनि न्यूयोर्कमा चिनियाँ विद्यार्थी र कामदारका लागि अध्यागमन सेवा प्रदान गर्दै आएकी अर्की कानून व्यवसायी हुन्। उनको सम्पर्कमा पनि काओको कार्यालयमा जस्तै रोजगार गुमाउने चिनियाँ कामदार र विद्यार्थीहरुको भीड बढेको छ । उनी भन्छिन्, ‘अमेरिकामा अध्यागमन प्रणालीमा निरन्तर फेरवदल आएका कारण स्थिति अनिश्चित जस्तै थियो । कोरोना भाइरसको संक्रमणले स्थिति झन् गम्भीर र अनिश्चित बनाएको छ ।’

तर अमेरिकी अधिकारीहरुले ताङ जस्ता आप्रवासी कामदार हरुलाई खासै सहयोग गरिरहेका छैनन् । एच १-बि वर्किङ भिसा सबैभन्दा सामान्य प्रकारको रोजगार भिसा हो । विगत पाँच वर्षको अवधिमा अमेरिकाले यस प्रकारको करिब ९ लाख भिसा जारी गरेको छ। शुरुमा तीन वर्षका लागि जारी हुने र पछि तीन वर्षका लागि थप गर्न सकिने यस प्रकारको भिसामा रोजगारदाताको स्पोन्सर अनिवार्य रुपमा जोडिएको हुन्छ ।

अमेरिकी स्टेट डिपार्टमेन्टका अनुसार विगत पाँच वर्षमा जारी भएका एच १- बि श्रेणीका ९ लाख भिसा मध्ये करिब ९० हजार चिनियाँ नागरिकले उक्त भिसा प्राप्त गरेका छन्। जुन कुल भिसाको १५ प्रतिशत हो ।

कोरोना भाइरस संक्रमणको अवधिमा वर्किङ भिसा अवधि सकिएका विदेशी कामदारको भिसा अवधि अस्थायी रुपमा थप गर्ने विषयमा अमेरिकाको नागरिक तथा आप्रवासी सर्भिस (यूएससीआईएस)ले कुनै कदम चालेको छैन। अमेरिकाको संघीय सरकार मातहत रहेको उक्त निकायले भिसा अवधि थप गर्न माग गर्दै परेका निवेदनहरुमा कुनै किसिमको प्रतिक्रिया जनाएको छैन।

गतहप्ता अमेरिकाको अध्यागमन कानून व्यवसायीहरुको संस्थाले नागरिक तथा आप्रवासी सर्भिस (यूएससीआईएस)लाई एक पत्र पठाउँदै आप्रवासी कामदारको भिसाको हकमा कोारोना भाइरसको संक्रमणको अवधि निलम्वन गर्न माग गरेको थियो । तर हालसम्म त्यसको सुनुवाई भएको छैन ।

अमेरिकामा कोरोना भाइरसको संक्रमणले व्यापार व्यवसाय बन्द भई रोजगार गुम्दा मार्च महिनामा दश मिलियन अमेरिकी कामदार हरुले बेरोजगार सुविधाका लागि आवेदन गरेका छन् । तर ताङ जस्ता आप्रवासी कामदार त्यस्तो सुविधा पाउनबाट बञ्चित रहेका छन् । अमेरिकामा २ लाख ८० हजार नेपाली बस्दै आएका छन् । त्यसमध्ये ग्रीनकार्डको प्रकृयामा रहेका धेरै नपालीहरु प्रभावित हुने देखिएको छ ।

एक दिवसीय क्रिकेटमा १०० बढी रन बनाउने नेपाली क्रिकेटर

मध्यान्ह संवाददाता
काठमाडौं, २९ चैत

नेपाली क्रिकेट टिमले सन् २०२२ सम्मका लागि आईसीसीबाट एक दिवसीय मान्यता पाएको छ। यो बीचमा नेपालले एक दिवसीय क्रिकेटमा राम्रो गर्न सके यो लम्बिने छ अन्यथा नेपालको एक दिवसीय मान्यता पनि खोसिने सम्भावना उत्तिकै छ । एक दिवसीय मान्यता पाएपछि नेपलले अहिलेसम्म १० वटा एक दिवसीय म्याच खेलेको छ । नेपालका अहिलेसम्म २३ जना खेलाडीले मात्रै एक दिवसीय क्रिकेट खेल्न पाएका छन् । जसमा १७ खेलाडीले १०० भन्दा कम रन बनाएका छन् भने ६ जना खेलाडीले मात्रै १०० रन कटाएका छन्। नेपालबाट १०० रन कटाउने खेलाडीको बारेमा जानकारी दिन्छौं।

■ आरिफ शेख

नेपालका मध्यक्रमका खेलाडी आरिफ शेखले एकदिवसिय क्रिकेटमा अहिलेसम्म सबै १० खेलमा टिममा रहेका छन्। जसमा उनले नौ खेल खेलेका छन्। ती नौ पारिमा एक पटक नटआउट रहेका छन भने एक खेलमा डकआउट पनि भएका छन्। आरिफले कुल एक सय ३० रन बनाएका छन्। जसमा उनले दुई सय ४७ बल फेश गरेका थिए। त्यसमा नौ चौका प्रहार गरेका थिए। उनको उच्च स्कोर २९ रनको छ भने साढे १६ को एभरेज रहेको छ।

■ सोमपाल कामी

नेपाली क्रिकेटका ओपनर बलर सोमपाल कामीले एकदिवसीय क्रिकेट ब्याटबाट पनि आफ्नो कला देखाएका छन् । उनले ६ एकदिवसीय खेलमा एक सय ४६ रन बनाएका छन् । जसमा एक अर्धशतक बनाएका छन् । उनी दुई पटक अविजीत रहेका छन् भने एक पटक डकआउट पनि भएका छन्। उनले कुल एक सय ६४ बलमा साढे ३६ को एभरेजमा एक सय ४६ रन बनाएका हुन्। जसमा उनले १२ चौका र पाँ छक्का प्रहार गरेका छन्। उनको ब्यक्तिगत उच्च स्कोर ६१ रहेको छ।

■ विनोद भण्डारी

विकेटकिपर ब्याट्सम्यान विनोद भण्डारीले नेपालका लागि अहिलेसम्म सात खेलको ६ पारीमा ब्याटिङ गरेका छन्। जसमा उनले एक सय ५५ रन बनाएका छन्। दुई सय २८ बल खेलेका भण्डारीको एभरेज करिव २६ को रहेको छ। उनले अहिलेसम्म एउटा अर्धशतक बनाएका छन् । ५९ रन ब्यक्तिग उच्च स्कोर भएका भण्डारीले १६ चौका र दुई छक्का प्रहार गरेका छन्।

■ दीपेन्द्रसिंह ऐरी

नेपाली क्रिकेट टिमका उपकप्तान दिपेन्द्रसिंह ऐरीले एकदिवसिय क्रिकेटमा सोचेको जस्तो प्रदर्शन भने गर्न सकेका छैनन् । तर उनी एक सय रन पुरा गर्ने खेलाडीको सूचीमा रहेका छन् । उनले १० खेलमा एक पटक अविजीत रहेका छन् । जसमा उनले एक सय ५९ रन बनाएका छन्। उनको उच्च स्कोर ४० रन रहेको छ। करिव १८ को एभरेजमा रन बनाएका उनले दुई सय ३१ बल खेलेका छन्। जसमा उनी तीन पटक डकआउट भएका छन् । उनले १६ चौका र तीन छक्का प्रहार गरेका छन्।

■ ज्ञानेन्द्र मल्ल

हाल राष्ट्रिय टिमका कप्तान रहेका ज्ञानेन्द्र मल्लले १० वटा एकदिवसीय खेल खेलेका छन्। त्यसमा उनले दुई सय २२ रन बनाएका छन् । यो क्रममा उनले दुई वटा अर्धशतक बनाएका छन् भने एक पटक डकआउट पनि भएका छन् । उनले कुल तीन सय २१ बल फेस गरेका छन्। त्यसमा २९ चौका र एक छक्का प्रहार गरेका छन। करिव ७० को स्टाइकरेट रहेको मल्लको उच्च स्कोर ५६ रहेको छ ।

■ पारस खड्का

एकदिवसिय क्रिकेटमा एक सय भन्दामाथि मात्र होइन, तीन सय भन्दा माथि रन बनाउने एक्लो खेलाडी हुन पारस खड्का । नेपाली क्रिकेटका पूर्व कप्तान समेत रहेको खड्काले एकदिवसीयमा शतक पनि बनाएका छन् । युएईविरुद्धको खेलमा शतक बनाएका पारसले तीन सय ९८ बल फेस गरेका छन्। जसमा उनको स्टाइकरेट करिव ८० को रहेको छ । जसमा उनको एभरेज ३५ को छ । उनले एक शतक, एक अर्धशतक बनाएका छन । यस क्रममा उनी एकपटक अविजित पनि रहेका छन् । उनले कुल ४० चौका र पाँच छक्का प्रहार गरेका छन् ।

वर्ल्ड मास्टर एथलेटिक्स स्थगित

काठमाडौं, मस– क्यानडाको टोरोन्टोमा आयोजना हुने वर्ल्ड मास्टर एथलेटिक्स टोरोन्टो २०२० स्थगित भएको छ ।

बिश्वमा माहामारीको रुपमा रहेको कोरोना (कोभिड - १९) का कारण जुलाई २० देखि अगष्ट १, २०२० मा टोरोन्टोमा आयोजना हुने भनिएको च्याम्पियनसिप स्थगित गरिएको आयोजक कमिटिले जानकारी गराएको नेपाल मास्टर्स एथलिट एसोसियशनका महासचिव भैरव शाहीले जानकारी गराए ।

खेल भन्दा पनि खेलाडी, कर्मचारी, भोलेन्टियर्स, अफिसियल तथा खेल संग सम्वन्धित अन्यको स्थास्थ्य र सुरक्षा पहिलो प्रार्थमिकता रहेकोले च्याम्पियनसिप हाललाई स्थगित गरिएको आयोजक कमिटिले पठाएको पत्रमा जानकारी गराईएको छ ।

च्याम्पियनसिपलाई माहामारी समाप्त भए पश्चात अर्को बर्ष संचालन गर्ने तर्फ पनि आयोजक कमिटीले विचार गरिरहेको र उक्त कुराको जानकारी पछि सुचित गरिने पनि पत्रमा जनाईएको छ ।

TORONTO
WORLD MASTERS
ATHLETICS CHAMPIONSHIPS
2020

खड्का सल्लाहकारमा नियुक्त

काठमाडौं, मस– तेक्वान्दोका अन्तर्राष्ट्रियनिर्णायक अशोक खड्का थाइल्यान्ड तेक्वान्दो संघअन्तर्गत थाइल्यान्डबहिरा तेक्वान्दो संघको सल्लाहकारमा चयन भएकाछन् ।

सल्लाहकारमा चयन भएसंगै खड्काले संघले सञ्चालन गर्ने विभिन्नगतिविधिमाआफ्नो राय, सुझावदिनपाउने छन्। खड्का ग्योरोगी, पुम्से र पाराकाअन्तर ाष्ट्रियनिर्णायकहुन् । खड्काले आफूलाई विश्वास गरेर जिम्मेवारी दिएकोमा धन्यवाददिदै आफ्नो क्षमताप्रमाणित गर्ने अवसरका रुपमालिएको बताए ।

प्रधानमन्त्री मोदी मास्क लगाएर बैठकमा

नयाँदिल्ली, एजेन्सी– भारतका प्रधानमन्त्री नरेन्द्र मोदी मुख्य मन्त्रीहरुसँगको भिडियो बैठकमा मास्क लगाएरै उपस्थित भएका छन् । उनले शनिबार कोरोना भाइरसविरुद्ध भइरहेका कामका बारेमा छलफल गर्न देशका मुख्यमन्त्रीहरुसँगको भिडियो बैठक आयोजना गरेका थिए। मुख्यमन्त्रीहरुसँगको भिडियो अन्तरक्रियाका क्रममा उनी मुखमा मास्क लगाएको अवस्थामा देखिएका थिए । प्रधानमन्त्री मोदीले मुख्यमन्त्रीहरुसँग अहिले भइरहेका कामहरुका बारेमा जानकारी लिएको प्रधानमन्त्रीको कार्यालयले जनाएको छ ।

उनले लकडाउन पूर्ण रुपमा कार्यान्वयन गराउनेदेखि कोरोना भाइरसविरुद्ध अन्य विभिन्न क्रियाकलापहरुमा मुख्यमन्त्रीहरु र प्रदेश सरकारहरुले राम्रो भूमिका खेलेको भन्दै धन्यवाद पनि दिएका थिए। उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अवस्थाको चर्चा गर्दै कोरोना भाइरसविरुद्धको लडाईलाई अझ प्रभावकारी बनाउने उपायका बारेमा पनि बताएको प्रधानमन्त्री कार्यालयले जनाएको छ ।

प्रधानमन्त्री मोदीले मुख्यमन्त्रीहरुसँग यसअघि पनि दुई पटक भिडियो बैठक गरेका थिए । उनले मन्त्रीपरिषद् बैठक र सर्वदलीय बैठक पनि भिडियो मार्फत् गरिसकेका छन् । उनले हरेक दिन जसो विभिन्न क्षेत्रका व्यक्तिहरुसँग भिडियो बैठक गर्दै आएका प्रधानमन्त्री कार्यालयले जनाएको छ ।

अमेरिकामा एकै दिन दुई हजार बढीको मृत्यु

न्युयोर्क, एजेन्सी– कोरोनाभाइरसको सङ्क्रमणका कारण संयुक्त राज्य अमेरिकामा विगत २४ घण्टामा अहिलेसम्मकै धेरै दुई हजार १०८ व्यक्तिको मृत्यु भएको जोन हकिन्स विश्वविद्यालयको तथ्याङ्कमा उल्लेख गरिएको छ । एकै दिनमा दुई हजारभन्दा बढी व्यक्तिको मृत्यु हुने अमेरिका पहिलो मुलुक बनेको छ । अमेरिकामा कोभिड-१९ को सङ्क्रमणबाट १८ हजार ५८६ जनाको मृत्यु भएको छ। अमेरिकामा कोरोनाभाइरसबाट मृत्यु हुनेको सङ्ख्या इटलीको नजिक पुगेको छ ।

इटलीमा शनिबारसम्म १८ हजार ८४९ व्यक्तिको मृत्यु भएको छ भने सङ्क्रमणका कारण बढी व्यक्तिको मृत्यु हुने अन्य मुलुकमा स्पेन (१६ हजार ३५३), फ्रान्स (१३ हजार १९७), बेलायत (आठ हजार ९५८), इरान (चार हजार २३२), बेल्जियम (तीन हजार ३४६), चीन (तीन हजार ३३९) जर्मनी (दुई हजार ७३६) र नेदरल्याण्डमा (दुई हजार ५११) रहेका छन् ।

सङ्क्रमितको सङ्ख्या सबैभन्दा बढी अमेरिका (पाँच लाख तीन हजार १७७), स्पेन (एक लाख ६१ हजार ८५२), इटली (एक लाख ४७ हजार ५७७), फ्रान्स (एक लाख २४ हजार ८६९) जर्मनी (एक लाख २२ हजार १७१), चीन (८१ हजार ९५३), बेलायत (७३ हजार ७५८), इरान (६८ हजार १९२), टर्की ४७ हजार २९ र बेल्जियममा (२८ हजार १८) रहेको छ । इटली र स्पेनमा पछिल्ला केही दिनदेखि सङ्क्रमणका कारण मृत्यु हुनेको सङ्ख्या क्रमशः घट्दो रफ्तारमा देखिएको छ ।

नेपाली समय अनुसार शनिबार साँझसम्ममा विश्वभर १७ लाख १० हजार ५८१ सङ्क्रमित भएका छन् भने एक लाख तीन हजार ५१२ को मृत्यु भइसकेको छ । त्यस्तै तीन लाख ८२ हजार ५३ जना निको भएर घर फर्किएका छन् । विश्वभरि ४९ हजार ९१३ जनाले अझै जटिल सङ्क्रमणका कारण उपचार सेवा लिइरहेका छन् ।

पछिल्लो तथ्याङ्क अनुसार निको भएर घर फर्किनेको सङ्ख्या चीनमा सबैभन्दा बढी (७७ हजार ५२५) रहेको छ। चीनले आन्तरिक सङ्क्रमण रोकिएको भन्दै लामो समयदेखि बन्द रहेको व्यवसायिक कामकाजलाई सावधानीका साथ सञ्चालन गर्ने घोषणा गरिसकेको छ ।

अमेरिका, इटली र फ्रान्समा निको भएर घर फर्किनेको सङ्ख्या न्यून रहेको छ तर चीन, स्पेन र जर्मनीमा निको भएर घर फर्किनेको ससंख्या अमेरिका इटली र फ्रान्समाभन्दा तुलनात्मक रूपमा केही बढी रहेको छ ।

कोरोना जीवाणुको अर्थ राजनीति

एकराज पाठक/रासस
काठमाडौं, २९ चैत

कोरोना भाइरस ‘कोभिड १९’ का कारण अर्थतन्त्र कमजोर हुदै गएपछि अहिले नै विश्वका कैयौं कम्पनीले कर्मचारी व्यापक कटौतीका सूचना दिइरहेका छन् । अन्तर्राष्ट्रिय श्रम संगठन, आइएलओले शुक्रबार कोरोना भाइरसका कारण विश्वमा १ अर्ब २५ करोड मानिसको रोजगारी जोखिममा रहेको बताएको छ । उसको प्रतिवेदनअुनसार यीमध्येका धेरै मानिस भोलि पनि कामविहीन बन्न सक्छन् ।

उक्त प्रतिवेदनमा अहिले नै पूर्ण या आंशिक रुपमा करिव २ अर्ब ७० करोड कामदार प्रभावित भइसकेको उल्लेख छ । विश्वको तथ्याङ्क हेर्दा कामगर्ने समग्र जनशक्तिको यो ८१ प्रतिशत हुन आउँछ ।

अमेरिकामा मात्र ४३ प्रतिशत मानिस वेरोजगार हुनसक्ने यस प्रतिवेदनले देखाएको छ । तर यो समस्यालाई अल्पकालीन भनिएकोले लामो समय त्यस्तो नहुने आशा गर्न सकिन्छ। तर अहिले नै कामविहीन भएको यो जनशक्तिले आगामी दिनहरुलाई पनि प्रभाव भने पार्ने देखिन्छ ।

त्यसैगरी अन्तर्राष्ट्रिय मुद्रा कोषले १७० देशको प्रतिव्यक्ति आय घट्ने प्रक्षेपण शुक्रबार नै गरेको छ । यसअघि १ सय ६० देशको प्रतिव्यक्ति आम्दानी बढ्ने प्रक्षेपण गरेको उसले कोरोनाको कहर शुरु भएपछि पुनः यस्तो प्रक्षेपण गरेको हो । कोरोनाको कहर चौतर्फी देखिएपछि आइएमएफले आफ्नो अघिल्लो प्रक्षेपण उल्ट्याएर यो नयाँ जारी गरेको हो ।

आइएमएफकी प्रवन्ध निर्देशक क्रिस्टालिना जर्जिभा विश्वभरको सरकारले ८० अर्ब डलरको आर्थिक सहायता प्याकेज घोषणा गरेको बताएका छन् । ‘कोरोनाले सन् २०२० मा सङ्कट ल्याउनेछ भन्दै यदि अहिलेकै अवस्था लामो समय नभई सामान्य हुँदै गएमा सन् २०२१ मा विश्वको आर्थिक अवस्था सामान्य रुपमा सुधारतर्फ जान्छ उनको भनाइ छ। यसअघि मार्चको अन्तिमतिर मुद्रा कोषले विश्व अर्थतन्त्र आर्थिक मन्दीमा प्रवेश गरिसकेको घोषणा गरेको थियो । विश्वभर फैलिएको कोरोना भाइरसको महामारीका कारण विश्व अर्थतन्त्र मन्दीमा गएको घोषणा उसले उतिबेलै गरेको हो ।

निर्देशक जर्जिभाले यो आर्थिक मन्दी सन् २००९ मा देखिएको आर्थिक मन्दीभन्दा पनि खराब हुने अनुमान गरिएको बताएका थिए । विश्वको अर्थतन्त्र ठूलो सङ्कटतर्फ अघि बढेको आँकलन गर्दै उनले यसबाट पार पाउन विशेषगरी विकसित मुलुकले अझै धेरै आर्थिक सहायता कोषहरु खडा गर्नुपर्ने सुझाव दिएका थिए ।

भाइरसको प्रकोप बढ्दै गएपछि त्यसलाई नियन्त्रण गर्न विश्वका कैयौं देशले लकडाउनको घोषणा गरेबाट अर्थतन्त्र धर्मराएको कोषले आँकलन गरेको थियो ।

बेरोजगारीको समस्या अचानक बढ्दो क्रममा रहेको र अर्थतन्त्रमा पर्ने नकारात्मक असर न्यूनीकरण गर्न विश्वभर आर्थिक गतिविधि अचानक ठप्प भएको कारण बजारलाई सन्तुलनमा ल्याउन कम्तीमा २५ खर्ब डलर आवश्यक रहेको बताएकी उनले शुक्रबार अवस्था झनै बिग्रिएको आँकलन गर्नुभएको छ। यी आर्थिक आँकलनहरु महामारी केन्द्रित नै हुन् ।

‘ब्ल्याक डेथ’ का नाममा चिनिने चौधौं शताब्दीको प्लेग महामारीको नरसंहारले युरोपको इतिहास बदलिदिएको थियो । चीनको सिल्क रोडहुँदै युरोप भित्रिएर करिब ३४ महिना चलेको भनिएको त्यो महामारीले युरोपको ठूलो जनसंख्यालाई मृत्युको मुखमा धकेलेको थियो ।

खासमा त यसले युरोपको त्यसताकाको अर्थराजनीतिमा नै परिवर्तन ल्याइदियो । एकातर्फ महामरीले श्रमिकको श्रम गर्ने बर्गको सङ्ख्या घटाइदिँदा श्रमको आपूर्तिमा कमी आयो भने अर्कातर्फ महामारीले थला पारेको युरोपले साधन र स्रोतको अभावमा आर्थिक सन्तुलन कायम गर्न पनि सकेन। जसका कारण महामारीअघि र पछिको युरोप भनेर छुट्टिन पुग्यो। यसरी गरिबीमाा धकेलिएको युरोपले २० औं शताब्दिको अन्त्यतिरबाट मात्र समृद्धिको बाटो खन्न थालेको हो ।

महामारीका मानवीय, राजनीतिक र आर्थिक प्रभावका पाटोको खोजी अहिले विश्वमै हुदैछ। अहिलेको विश्वमा कुनै एक देश एक्लै बाटो हिँडेर समृद्धिको मार्गमा पुग्न सक्दैन । चीनको वुहानमा देखिएको कोरोना जीवाणुले दुई महिनामै संसारको फन्को माारिसकेकोले सिंगो भूगोल नै एकअर्कामा अन्तरसम्बन्धित छ भन्ने उदाहरण सहजै लिन सकिन्छ। हरेक देशका अन्तर्राष्ट्रिय सम्बन्धहरु आजको विश्वमा आर्थिक हितको बाटो भएरै अघि बढ्ने गरेका छन् । मुलुकका राजनीतिक र कूटनीतिक सम्बन्धका आयामले आर्थिक आयामलाई नै अघि लाउने गर्दछन् । त्यसैले पनि अबको विश्वको अर्थतन्त्रको सम्भावित संरचनाबाटै अर्थराजनीतिको पाटो खुल्ने विश्लेषणहरु तर्क गर्छन् ।

विश्वको अर्थतन्त्र आफ्नो नियमित बाटोमा फर्किन कति समय लाग्ला भन्ने अनुमान अहिले नै गर्दा सही नहुन सक्छ । तर यसलाई विश्वका अर्थक्षेत्रका जानकारहरुले आधादेखि एक दशक लाग्ने अनुमान गर्दछन् । अहिले अनुमान गरिए अनुरुप नै यो महामारी ओरालो लाग्यो भने मात्र दशकसम्म अर्थतन्त्र आफ्नो पुरानो स्वरुपमा फर्किने अनुमान उनीहरुको छ ।

अमेरिकी विज्ञहरुले अबको दुई हप्ता अमेरिकामा कारोना महामारीको ‘पिक आवर’ (उच्च विन्दु) भनेका छन्। बढी सङ्क्रमणको चपेटामा परेका इटाली र स्पेनमा पनि यही अनुमान छ । यदि अनुमानकै बाटोमा महामारी तल ओर्लियो भने यो अर्थतन्त्रले आफ्नो पूर्वअवस्था ग्रहण गर्न आधादेखि एक दशक लाग्छ भनिएको छ ।

यो महामारीको पहिलो निर्मम शिकार अमेरिका बन्ने आँकडामा देखिदैछ । यसैले आर्थिक तथा सामाजिक पुनर्निर्माणको लागि अमेरिकी अगुवाइकै पहल कदमी बढी प्रभावकारी हुनजाला । र यसमा उसँगको आशलाग्दो आधार उसले नै सन् २००८ मा व्यहोरेको वित्तीय सङ्कट बन्नसक्छ। अमेरिकी उत्पत्तिको त्यो मन्दीले अमेरिकी अगुवाइको पुँजीवादी अर्थव्यवस्था र त्यसको औचित्यमाथि प्रश्न उठाएको थियो ।

हुनत यो महामारीले अमेरिकी समुदायमा गराउने क्षति त्योभन्दा बढी होला तर त्यस समयको पाठबाट पनि यतिबेला अझ चाँडो उठ्न उसलाई असजिलो नहोला ।

हुनत महामारीले आफ्नो अन्त्यको सङ्केत नगरीसकेकोले आज नै भोलि के होला भनेर अनुमान गर्नु हतार पनि हुनसक्छ।

तर नेपालजस्ता विकासोन्मुख मुलुकको महामारीपछिको आर्थिक व्यवस्थापनका चुनौतीहरुका बारेमा भने अहिल्यैदेखि विश्लेषण गऱ्यो भने भोलि आइपर्दा बाटो पहिल्याउन सहज हुनसक्छ।

हाम्रो उपभोगमुखी अर्थप्रणाली, आयात, राजस्व आदि रेमिट्यान्सको कमीले खुम्चिने नै छन् । हाम्रा गन्तव्य मुलुकले रोजगारी कटौती गर्ने क्रम शुरु हुनेछ। यसले पहिलो शिकार त हामीलाई नै बनाउने छ।

हिजो हामीले स्वदेशमै केही गरौं भनेर युवाशक्तिलाई उत्प्रेरित गर्नुको सट्टा ‘फ्रि भिसा फ्रि टिकट’मै विदेशिन प्रेरित गऱ्यौं ।

यो मन्दीका कारण विश्वव्यापी रूपमा क्रयशक्ति घट्दा यहाँ रात बिताउन गुणस्तरीय पर्यटकको आगमन दुर्लभ हुन पनि सक्नेछ । यसले देशको समग्र पर्यटन क्षेत्रकै आय घट्न जाने त स्वाभाविकै भयो । यस्तो विश्वव्यापी मन्दीले हाम्रा योजना आयोजनाहरु समयमै सम्पन्न नहुन सक्छन् ।

अर्कातर्फ हाम्रो अर्थतन्त्रमा सहयोग अनुदानको पाटोमा पनि ह्रास आउन सक्छ ।

किनभने हाम्रा दाताहरु नै मन्दीमा फस्न सक्ने देखिन्छ। यसले गर्दा नेपालमा विदेशी मुद्रा सञ्चिति घट्ने र शोधानान्तर घाटा बढ्ने त हुने नै भयो । वैदेशिक सहायतामा आउने कमीले नेपालको आर्थिक क्षेत्रमात्र छुदैन यसले ओगटेका अनेकन सामाजिक आयामहरुमा पनि क्षति पुग्न जानेछ । त्यसैले वैदेशिक रोजगारीमा रहेको ठूलो जमात नेपाल फर्किने भएकोले यसलाई स्वदेशी कृषि उद्यममा लगाउन के गर्न सकिन्छ भन्ने बारेमा सरकारले अहिले नै सोच्दा राम्रो हुनेछ ।

गएको डिसेम्बरको अन्त्यतिर चीनको वुहान शहरबाट उत्पत्ति भएको कोरोना जीवाणुको औषधि पत्ता नलागेपनि चिनियाँहरुले कारण भने शुरुमै थाहा पाए। एक अर्काबाट टाढा रहनु नै नियन्त्रणको विकल्प सोचे र पूरै शहर लकडाउन गरे ।

तर उनीहरुको यो निदानात्मक विधिमाथि पश्चिमाहरुले नागरिक अधिकारको प्रश्न उठाए । जीवाणु चीनमा मात्र सीमित रहँदा युरोप अमेरिकातिर नियन्त्रणको विधि सोचिएन ।

चीनमा यसको वितण्डा देखिँदा यसले बाँकी विश्वलाई दुखेको भए र यसको निदानमा संयुक्त प्रयास थालेको भए आज यो हालत नहुन पनि सक्थ्यो । तर जब यसले इटालीको बाटो भएर सिंगो युरोप र अमेरिका विचरण गर्नथाल्यो बल्ल विश्वव्यापी बन्यो मुद्दा । त्यतिबेला यता चीन तङ्गिइसकेको थियो । कोरोना जीवाणुसँग लड्ने चीनको आक्रामक विधिले वुहान र चीनलाई ७६ दिनमै पुरानो लयमा ल्याउन सक्यो ।

जस्तो सीप उस्तै रोजगार

मुख्य रूपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर

OXFORD International

अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८३, ५५५५५३१, फ्याक्सः ५५५५७९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np

नेपाल सरकारबाट श्रम इजाजतपत्र नं. ९१०/०६७/०६८

वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।

Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np

श्रम इजाजत पत्र नं.
११६/०५५/५६

कोरोना कहर :

तनहुँ जलविद्युत आयोजनाको काम शुरू

काठमाडौं, रासस– कोभिड-१९ को जोखिम हुन नदिन बन्दाबन्दी(लकडाउन) जारी रहँदा तनहुँ जलविद्युत् आयोजनाको काम शुरु भएको छ ।

कोरोना भाइरस रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समितिले उच्च सतर्कताका साथ ठूला आयोजना सञ्चालन गर्न अनुमति दिएसँगै ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन आयोजनाको काम सञ्चालन भएको हो ।

दोस्रो प्याकेजअन्तर्गतको कामको ठेक्का पाएको सिनो हाइड्रोले बिहीबारदेखि केवल टनेल खन्ने कामलाई निरन्तरता दिएको आयोजनाका साइट प्रमुख अच्युत घिमिरेले जानकारी दिए । उनका अनुसार क्याम्पभित्रै बसिरहेका मजदूरलाई परिचालन गरेर कामलाई सञ्चालन गरिएको छ । “बाहिरबाट मजदूर नल्याई क्याम्पमा उपलब्ध मजदूर परिचालन गरेर काम शुरु गरेका छौँ”, उनले भने, “काम गर्ने क्रममा पनि सतर्कता अपनाइएको छ ।”

हाल क्याम्पमा २४ चिनियाँ तथा अन्य गरी करिब ५० श्रमिक र प्राविधिक छन् । पावर हाउसमा तारहरू लैजानका लागि १८७ मिटर सुरुङ खनिनेछ । उक्त सुरुङ खनेर सकिएपछि ‘मेन एक्सेस टनेल’ निर्माण शुरु गरिनेछ ।

पहिलो प्याकेजअन्तर्गतका लागि पुनः तेस्रो पटक बोलपत्र आह्वान भएका कारण उक्त प्याकेजको काममा भने ढिलाइ भएको छ । आयोजनाको निर्माण कम्पनी तनहुँ जलविद्युत् आयोजनाले गत वैशाख १२ गते आह्वान गरेको दोस्रो पटकको बोलपत्रमा छनोट भएका चार कम्पनीको प्राविधिक प्रस्ताव रद्द भएपछि पुनः तेस्रो पटक बोलपत्र आह्वान गरेको थियो ।

बाँधलगायतका पहिलो प्याकेजका संरचना निर्माणका लागि आयोजनाले बोलपत्र आह्वान गर्दा १९ कम्पनीले चासो देखाए पनि चार वटा कम्पनीले बोलपत्र पेश गरेका थिए । चार वटा कम्पनीले पेश गरेको प्राविधिक प्रस्तावलाई एशियाली विकास बैङ्क (एडिबी) ले सारभूत रूपमा प्रभावग्राही हुन नसकेको भन्दै रद्द गरिदिएको थियो । उक्त कामका लागि चीनको चाइना गेजुवा ग्रुप अफ कम्पनी लिमिटेड, सिनो हाइड्रो कर्पोरेसन लिमिटेड, चाइना नेसनल इलेक्ट्रिक इन्जिनीयरिङ कर्पोरेसन लिमिटेड तथा सोङ डा कर्पोरेसन भियतनाम र कालिका कन्स्ट्रक्सन नेपाल जेभीले बोलपत्र पेस गरेका थिए ।

तेस्रो पटक आह्वान गरिएको बोलपत्रको म्याद वैशाख १ गते (१३ अप्रिल) सम्म रहेको आयोजनाले जनाएको छ ।

पहिलो प्याकेजको संरचना निर्माणका लागि दातृ निकायहरू एशियाली विकास बैंक (एडिबी) र युरोपेली लगानी बैंक (इआइबी)को सहुलितपूर्ण ऋण परिचालन हुनेछ । निर्माण व्यवसायी कम्पनीले आयोजनाको १४० मिटर अग्लो कङ्क्रिट बाँध, नदी फर्काउने दुईवटा सुरुङ, अस्थायी बाँधलगायतका संरचना निर्माण गर्नेछ ।

आयोजनाको तेस्रो प्याकेजअन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्म २२० केभीको डबल सर्किट प्रसारण लाइन निर्माणका लागि भारतीय कम्पनी केइसीसँग ठेक्का सम्झौता भइसकेको छ। आयोजनाका लागि १४० मिटर बाँध, एक हजार १६२ मिटर र ७४ मिटरको मुख्य सुरुङ, ८९ मिटर लम्बाइ, २२ मिटर चौडाइ र ४४ मिटर उचाइ भएको भूमिगत विद्युतगृह निर्माण गरिनेछ । खुद उचाइ १२१ मिटर रहने आयोजनाबाट सुक्खायामा १७८.९० मेगावाट र वर्षायाममा ३२३.६८ मेगावाट ऊर्जा उत्पादन गर्नेछ ।

आयोजनाको कुल लागत अमेरिकी डलर ५० करोड ५० लाख (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याजसमेत) रहेको छ । यसमध्ये एडिबीले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) ले १८ करोड ४० लाख, इआइबीले आठ करोड ५० लाख र नेपाल सरकार तथा नेपाल विद्युत् प्राधिकरणले आठ करोड ७० लाख अमेरिकी डलर व्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ ।

आयोजनाको विद्युत्गृह निर्माणका लागि २८८ मिलियन डलर, प्रसारण लाइन तथा सवस्टेशन निर्माणका लागि १५ मिलियन डलर, ग्रामीण विद्युतीकरणका लागि आठ मिलियन डलर, जग्गा प्राप्ति तथा पुनःस्थापनाका लागि ३० मिलियन डलर, वातावरण व्यवस्थापनका लागि २१ मिलियन डलर, पूर्वाधार निर्माण तथा भन्सार एवं कर प्रयोजनका लागि ४६ मिलियन डलर, आयोजना व्यवस्थापन तथा सामुदायिक कार्यक्रमका लागि २५ मिलियन डलर खर्च हुने अनुमान छ ।

यसका लागि सम्बन्धित दातृ निकायहरू र नेपाल सरकारबीच ऋण सम्झौता तथा नेपाल सरकार र प्राधिकरण एवं प्राधिकरण र यस कम्पनीबीच सहायक ऋण सम्झौताहरू सम्पन्न भइसकेका छन् । आयोजनाको समग्र निर्माण २०८१ को असार दोस्रो साताभित्र (जुन २०२४) सम्पन्न गर्ने लक्ष्य रहेको छ ।

शेखर गोल्छा भन्छन् : म एफएनसीसीआईएको अध्यक्ष भईसक्थें

मध्यान्ह संवाददाता
काठमाडौं, २९ चैत

नेपाल उद्योग बाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छाले २०७७ सालको शुभकामना दिएका छन् । शनिबा उनले शुभकामना दिदै विषम परिस्थिति नआएको भए यति बेला महासंघको निर्वाचन सकिएर अध्यक्ष पद सम्हाल्ने तयारी गरिरहेको हुने थिए भन्ने धारणा व्यक्त गरे । एक शुभकामना वक्तव्य जारी गर्दै पछिल्ला तीन वर्षमा मुलुकको निजी क्षेत्र र महासंघको गरिमा बढाउन हातेमालो गर्नेका लागि आभारी रहेको उनले उल्लेख गरे ।

उनले वरिष्ठ उपाध्यक्षको हैसियतमा महासंघको विधान निजी क्षेत्रको चाहना र देशको आवश्यकता अनुसार बनाउन सफल भएको जिकिर गरे। विश्वभरी फैलिएको महामारीले निम्त्याउन सक्ने समस्याको बारेमा अध्ययन गरिरहेको र सम्बन्धीत निकायसँग छलफलमा रहेको समेत उनले बताए ।

अहिलेको अवस्था फरक रहेको भन्दै आफू सुरक्षित रहेर अरुलाई सुरक्षित रहनका लागि सहयोग गर्नु नै प्रमुख दायित्व रहेको बताएका छन । उनले अवस्था सामान्य बनेपछि उद्यम व्यवसाय उकास्ने विशेष योजनासहित काम गर्ने प्रतिवद्धता समेत जनाएका छन् । साथै आउँदो नयाँ वर्ष २०७७ ले कोभिड १९ महामारीसँग सामाना गर्न सक्ने उच्च मनोवल, दृढ संकल्प र आपसी एकताले सुरक्षित रुपमा पार लगाउन सकियोस भनेर सबैलाई शुभकामना दिएका छन्

एनसेलको डेटा र एसएमएस सेवा अब लोनमा पाइने

काठमाडौं/मस–एनसेलका प्रिपेड ग्राहकले अब आफुसँग मेन ब्यालेन्स नभए पनि डेटा र एसएमएस सेवाको फाइदा लिन सक्नेछन् । नयाँ वर्ष २०७७ को अवसरमा एनसेल प्राइभेट लिमिटेडले आफना ग्राहकलाई सम्पर्कमा रहिरहन थप मद्दत पु¥याउँदै शनिबार (चैत्र २९) बाट नयाँ योजना ल्याएको छ जसअन्तर्गत ग्राहकले अब डेटा र एसएमएस सेवा सहितको प्याक वा एसएमएस प्याक पछि शुल्क तिर्ने गरी खरिद गर्न सक्छन् ।

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोनाभाइरसले विश्वनै त्रसित भईरहेको विपद्को परिस्थिती र लकडाउनले गर्दा ग्राहकहरुले सहज रुपमा आफ्ना परिवारका सदस्यहरु र साथीभाइहरुसँग सम्पर्कमा रहन तथा नव वर्षको शुभकामना आदानप्रदान गर्न आफ्नो ब्यालेन्स रिचार्जमा कठिनाई भोगिरहेका हुन सक्छन् । त्यसैले एनसेलले सजिलै डेटा र एसएमएस सेवामा पहुँच सुनिश्चित गर्न यो नयाँ योजना ‘न्यु इयर अफर’ ल्याएको हो ।

डेटा र एसएमएस सेवा प्याकका रुपमा लिई तोकिएको शुल्क पछि तिर्न मिल्ने यो पहिलो यस किसिमको अफर हो । यस अफर अन्तर्गत एनसेलका ग्राहकले २५० एमबी डेटा र २५० एसएमएस प्याक कर सहित मात्र रु २० मा सुचारु गर्न सक्छन् । ग्राहकले आफुसँग शुन्य ब्यालेन्स रहेको अवस्थामा पनि यो प्याक लोनमा सुचारु गरी डेटा र एसएमएस सेवाको फाइदा लिन सक्छन् । यो प्याक अन्तर्गत पाइने डेटा र एसएमएस भोलुम सुचारु भएको दिन देखि ५ दिनको लागि मान्य रहन्छ ।

आफ्नो आवश्यकता अनुसार ग्राकहले एसएमएस सेवा मात्र पनि प्याक रुपमा लिन सक्छन्। ग्राहकले लोनमा नै २५० वटा एसएमएस रहेको प्याक कर सहित मात्र रु १० सुचारु गर्न सक्छन् । सुचारु गरिएको एसएमएस प्याक ५ दिनको लागि मान्य रहनेछ ।

ग्राहकले एस्ट्रिक्स९९८८एस्ट्रिक्स७७ह्यास डायल गरी आफ्नो आवश्यकता अनुसार डेटा र एसएमएस बन्डल प्याक वा एसएमएस प्याक लोनमा सुचारु गर्न सक्छन् ।

विगत दुई महिना देखि एनसेलको सिम प्रयोग गरिरहेका र मेन ब्यालेन्स रु ५ भन्दा कम भएका एनसेलका प्रिपेड ग्राहकले मात्र यी प्याकहरु सुचारु गर्न सक्छन् । ग्राहकले आफ्नो मेन ब्यालेन्स रिचार्ज गरे पछि प्याकको तोकिएको शुल्क श्वत काटिने छ । यस बाहेक अन्य शुल्क लाग्ने छैन ।

ग्राहकले आफ्नो आवश्यकता अनुसार कुनै पनि समयमा जति पटक पनि यो सेवा लिन सक्छन् । यद्यपि सेवा सुचारु गर्नुभन्दा पहिला पुरानो लोनको रकम चुक्ता गरेको हुनु पर्दछ ।

कोरोनाभाइरस रोगका कारण सामाजिक दुरी कायम गर्दै सबै आ-आफ्नो घरमा बसिरहेको अवस्थामा, यस अफरले ग्राहकलाई आफ्ना परिवारका सदस्यहरु र साथीभाइसँग सम्पर्कमा रहिरहन थप मद्दत गर्ने विश्वास एनसेलले लिएको छ ।

नेपाल लाइफको प्रिमियम अब कनेक्ट आइपीएसमार्फत

काठमाडौं/मस– नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको बीमा शुल्क अब कनेक्ट आईपीएसमार्फत भुक्तानी गर्न सकिने भएको छ । हालसम्म विभिन्न डिजिटल पेमेन्टमार्फत भुक्तानी गर्दै आएकोमा अब कनेक्ट आइपीएसमार्फत तिर्न सकिने भएको हो । अब देखि कनेक्ट आइपीएसमा आवद्ध जुनसुकै बैंकहरुबाट पनि कम्पनीको बीमा प्रीमियम तिर्न सकिने भएको छ ।

कम्पनीको शाखा उपशाखा कार्यालयहरुमा गई आफ्नो प्रिमियम भुक्तानी गर्दै आईरहेका सेवाग्राहीहरुले अब सहज र सरल तरिकाबाट कनेक्ट आइपीएस मार्फत अनलाइन भुक्तानी गर्न सक्नेछन् । जुनसुकै समयमा जहाँसुकैबाट अनलाइन भुक्तानी गर्न सकिने यो सेवाले बीमितहरुको समयको बचत हुने कम्पनीले जनाएको छ । नेपाल लाइफले आफ्ना सेवाग्राहीहरुलाई समय सापेक्ष प्रविधिमैत्री सेवा प्रवाह गर्दै आइरहेको छ । यस अघि नै नेपाल लाइफको प्रिमियम डिजिटल वालेटहरु ई सेवा तथा प्रभु पे बाट अनलाइन भुक्तानी भइरहेको छ ।

त्यस्तै फोनपे मार्फत आफ्नो बैंक खाता कनेक्ट गरी र नेपाल ईन्भेष्टमेन्ट बैंक को ईन्टरनेट बैंकिंग मार्फत अनलाइन भुक्तानी भईरहेको समेत कम्पनीले उल्लेख गरेको छ । नेपाल लाइफको अन्य डिजिटल प्रणालीबाट पनि बीमा शुल्क भुक्तानीको व्यवस्था गर्दै जाने कम्पनीले जारी गरेको विज्ञप्तीमा उल्लेख छ ।

वडास्तरमै सुपथ पसल

दैलेख, रासस– गुराँस गाउँपालिकाले कामदार, मजदूर, गरीब र विपन्न समुदायको राहतका लागि पालिकाका तहमै सुपथ मूल्य पसल सञ्चालन गर्ने भएको छ। खाद्य पदार्थ महँगोमा खरीद गर्नुपर्ने बाध्यता भएको गुनासो बढेपछि नौ वटै वडामा यस्तो तयारी थालिएको गाउँपालिकाका अध्यक्ष खेमराज ओलीले जानकारी दिए । सुपथ मूल्य पसल सञ्चालन गरेर बजारको दरभन्दा कम मूल्यमा खाद्यान्न वितरण गर्ने र वडासम्मको ढुवानी खर्च पालिकाले बेहोर्ने गरी काम शुरु गरिएको ओलीले बताए ।

खाद्यान्न व्यवस्थापनका लागि सामग्री लिनेहरुलाई पनि समय निर्धारण गरिने र दूरी कायम गरेर सुरक्षित रूपमा खाद्यान्न वितरण गरिने गाउँपालिकाले जानकारी दिएको छ । हरेक वडामा एक सय बोरा चामल, दुई क्विन्टल दाल, पाँच पेटी तेललगायत सामान पठाउने तयारी भएको गाउँपालिकाका अध्यक्ष ओलीले बताए ।

लकडाउनले घरबास कारोवार ठप्प

काठमाडौं/मस– कोरोना संक्रमण नियन्त्रणका लागि सरकारले गरेको लकडाउनका कारण अहिले बाँके र बर्दियामा रहेका घरबास सुनसान छन् । दुवै जिल्लाको राष्ट्रिय निकुञ्ज क्षेत्रमा खोलिएका घरबास पर्यटकको अभावमा सुनसान भएका हुन्। बर्दियाका गुलरिया र ठाकुरद्वारा पर्यटनलाई आधार बनाएर खुलेका एक हजार सुविधासम्पन्न घरबासको कारोवार पनि शून्यमा झरेको छ ।

लकडाउनले पर्यटकको आगमन नभएपछि अरबौं लगानी गरेर सञ्चालनमा ल्याइएका बर्दिया, डल्लाका घरबास सञ्चालकहरू अहिले चिन्तित बनेको मधुवन नगरपालिका वडा नम्बर १ वडाध्यक्ष परशुराम थारुले बताए ।

बर्दियाको बारबर्दिया नगरपीलका–९ को सत्खुलवा र ठाकुरबाबा नगरपालिका–५ गोविन्दपुरको घरबासको अवस्था पनि दयनीय बनेको छ। बर्दिया मात्र हैन, बाँकेको गाभरमा रहेको घरबासको अवस्था पनि टिठलाग्दो भएको सञ्चालक कृष्ण चौधरीले बताए ।

त्यसैगरी लकडाउनका कारण बर्दिया गुलरिया बजारका सानाठूला पसल, यातायात र होटल व्यवसायीले ठूलो घाटा भोग्नुपर्ने अवस्था सिर्जना भएको बर्दिया उद्योग वाणिज्य संघका अध्यक्ष बिरु थारुले बताए ।

धुम्रपान र मद्यपानबाट टाढा रहौं, सुखी र स्वास्थ्य जीवन बितायौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको
facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**